सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १५८ ♦ २०८२ साल माघ २८ बुधवार ♦ 11 Feb 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेसको नेता होइन, बेटा बन्न आएको हुँ : सभापति थापा

**खबर दर्पण समाचारदाता**

**माघ २६ गते, सप्तरी**




नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफू मधेसको नेता बन्न नभई बेटा (छोरा) बन्न मधेस आएको बताउनुभएको छ ।

विगतमा मधेसले कांग्रेसलाई धेरै गुण लगाएको स्मरण गर्दै उहाँले केही कुरामा आफूहरू चुकेको र अब मधेसप्रति पूर्ण समर्पित हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यकर्ता भेटघाट तथा अन्तरक्रियाका लागि मङ्गलबार सप्तरी आइपुग्नुभएका उहाँले कञ्चनरूप नगर पालिकामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मुलुकको नेतृत्व गर्न मधेसको भावना बुझ्नु अनिवार्य रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "मधेसको नेतृत्व गरे मात्र देशको नेतृत्व सम्भव छ। कांग्रेस नेतृत्वको सरकारले सिंहदरबारबाट मधेसका मुद्दा सम्बोधन गर्ने गरी काम गर्नेछ।"

देश चलाउन केवल जोस मात्र भएर नपुग्ने भन्दै उहाँले सुझबुझ, प्रतिज्ञा, करुणा र दया पनि आवश्यक रहेकोमा जोड दिनुभयो। "नेपाली कांग्रेससँग सपना, सङ्कल्प, जोस र अनुभव छ," थापाले स्पष्ट पार्नुभयो । उहाँले युवाको माग सम्बोधन गर्न कांग्रेस बदलिएर आएको र बदलिएको कांग्रेसले मात्र देश बदल्ने दाबी गर्नुभयो। "पार्टीको पवित्रता र सिद्धान्तमा कतै सम्झौता नगर्ने गरी नेपाली कांग्रेस नयाँ ढङ्गले अघि बढेको छ," उहाँको भनाइ थियो ।

संविधानलाई तलमाथि हुन नदिने र संविधानभित्र सबैलाई मिलाएर लैजान कांग्रेस प्रतिबद्ध रहेको बताउँदै उहाँले मधेस लगायत सबै वर्ग र समुदायको अधिकारलाई थप बलियो बनाउन संविधान संशोधन गरिने उद्घोष गर्नुभयो ।

यस्तै, सप्तरीको शम्भुनाथ नगर पालिकास्थित कठौना बजारमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सभापति थापाले निर्वाचनपछि बन्ने कांग्रेसको सरकारले भ्रष्टाचारविरुद्ध महासङ्ग्राम सुरु गर्ने दाबी गर्नुभयो। यो निर्वाचनमा पार्टीले घोषणापत्र नभई सङ्कल्प लिएर आउने जानकारी दिँदै उहाँले त्यसलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनुभयो ।

महामन्त्री थापाले सप्तरीको निर्वाचन क्षेत्र नं. १, ३ र ४ अन्तर्गतका विभिन्न स्थानमा कार्यकर्ता भेटघाट गर्नुभएको छ ।

कार्यक्रममा क्षेत्र नं. १ का उम्मेदवार रामदेव साह, क्षेत्र नं. २ का उम्मेदवार रामकुमार यादव, क्षेत्र नं. ३ का उम्मेदवार दिनेश कुमार यादव र क्षेत्र नं. ४ का उम्मेदवार तेजुलाल चौधरी लगायत पार्टीका नेता तथा कार्यकर्ताको उपस्थिति थियो ।

## जेन-जी आन्दोलनमा साढे ८४ अर्बको भौतिक क्षति

**खबर दर्पण समाचारदाता**

**माघ २७ गते, बर्दिवास**

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले नेपालको समग्र शासन व्यवस्था, आर्थिक अवस्था र सामाजिक प्रणालीहरूमा दीर्घकालीन प्रभाव देखिएको सरकारी प्रतिवेदनले सार्वजनिक गरेको छ ।

राजस्व संकलनमा संकूचन आएको, आयात प्रभावित भएको र वैदेशिक लगानीको वातावरणमा नकारात्मक असर परेको प्रतिवेदनको निष्कर्ष छ ।

अर्थ मन्त्रालयद्वारा सार्वजनिक चालू आर्थिक वर्षको बजेट अर्धवार्षिक मूल्यांकन प्रतिवेदनमा २ दिनको त्यो आन्दोलनबाट सार्वजनिक र निजी क्षेत्रको गरी कुल ८४ अर्ब ४५ करोड ७७ लाख रूपैयाँ बराबरको भौतिक सम्पत्ति क्षति भएको छ ।

प्रतिवेदन अनुसार यो क्षति नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को १.३८ प्रतिशत र चालू आर्थिक वर्षको कुल बजेटको ४.३० प्रतिशत हो ।

आन्दोलनमा ७३ पुरुष र ४ महिला गरी कुल ७७ जनाको मृत्यु भएको, २४२९ जना घाइते भएको प्रतिवेदनमा उल्लेख छ ।

कुल भौतिक क्षतिमध्ये ५३ प्रतिशत हिस्सा सार्वजनिक क्षेत्रको रहेको अर्थ मन्त्रालयले जनाएको छ। निजी क्षेत्रको ३० र सामुदायिक साथै अन्य क्षेत्रको क्षति अंश ७ प्रतिशत छ ।

४ अर्ब ४९ करोड ७३ लाखको सार्वजनिक क्षतिमा सबैभन्दा बढी संघीय निकायको ६६ प्रतिशत र स्थानीय सरकारको २१.८ प्रतिशत सम्पत्ति छ । आन्दोलनकारीले सार्वजनिक भवन, सवारी साधन र बहुमूल्य नगद जिन्सी लुटेका र तोडफोड गरेका प्रतिवेदनमा उल्लेख छ ।

निजी क्षेत्रमा ३३ अर्ब ३३ अर्ब ५४ करोड ८७ लाख रूपैयाँको भौतिक क्षति भएको छ। यसमा निजी प्रतिष्ठानतर्फ २ अर्ब ७४ करोड र सर्वसाधारणको घर-परिवारतर्फ ६८ करोड ४० लाखको नोक्सानी भएको छ।

दलका कार्यालय र सामुदायिक संघ-संस्थाको ५९ करोड ७१ लाख बराबरको सम्पत्ति क्षति भएको छ।

आन्दोलनका कारण आर्थिक गतिविधि ठप्प हुँदा वस्तु तथा सेवा उत्पादनमा १३ अर्ब ८७ करोड ५६ लाख रूपैयाँ को नोक्सानी भएको साथै आन्दोलनका कारण २३५३ जनाले पूर्णरूपमा रोजगारी गुमाएका छन् ।

राष्ट्रिय योजना आयोगको मूल्यांकनअनुसार क्षतिग्रस्त भवन, सवारी साधन र अन्य भौतिक वस्तुको पुनर्निर्माणका लागि कुल ३६ अर्ब ३० करोड २१ लाख रूपैयाँ लाग्ने अनुमान गरिएको छ ।

## फागुन ३ गतेभित्र घोषणापत्र सार्वजनिक गर्न आयोगको निर्देशन

**खबर दर्पण समाचारदाता**

**माघ २७ गते, बर्दिवास**



निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनमा सहभागी हुने राजनीतिक दल तथा उम्मेदवारहरूलाई फागुन ३ गतेभित्र प्रतिबद्धता पत्र सार्वजनिक गर्न निर्देशन दिएको छ ।

आयोगको मंगलबार बसेको बैठकले तोकिएको समय सीमाभित्र निर्वाचन घोषणापत्र सार्वजनिक गरी पेस गर्न निर्देशन दिएको हो ।

२०८२ साल फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन हुँदैछ ।

निर्वाचन आयोगका अनुसार निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम राजनीतिक दलहरूले आफ्नो निर्वाचन घोषणापत्र आयोगमा र उम्मेदवारहरूले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ।

## कांग्रेस सभापति थापा बर्दिवासमा

**खबर दर्पण समाचारदाता**

**माघ २७ गते, बर्दिवास**



महोतरीको बर्दिबासमा मंगलवार साझ महोत्तरी क्षेत्र नं. १ को निर्वाचन प्रचार प्रासार सम्पर्क कार्यालयमा नेपाली कांग्रेसका सभापति गगन कुमार थापा राजनीति भेटघाट गरेका छन् ।

सो अवसरमा महोतरी क्षेत्र नं. १ का उम्मेदवार डा मुकेश राज काफ्ले, क्षेत्र नं. २ की उम्मेदवार किरण यादव र क्षेत्र नं.४ का उम्मेदवार महेन्द्र कुमार समेत सहभागि भएका थिए ।

अध्यक्ष थापाको बर्दिवास आगमनसँगै स्थानीय कांग्रेसका युवा र महिला कार्यकर्ता उत्साहित देखिएका छन् । स्थानीय जनप्रतिनिधि र पार्टी कार्यकर्ताले सभापति थापाको उपस्थितिलाई क्षेत्रीय विकास र राजनीतिक सक्रियताको अवसरका रूपमा लिएका छन् । निर्वाचन नजिकिँदै गएसँगै बर्दिवासमा राजनीतिक माहोल तातेको छ ।

# चुनावी उन्माद र सामाजिक सञ्जालको भीड राजनीति: विश्वास कि विवेक?

शिव अधिकारी यदुवंशी

मधेसका बौद्धिक वर्गमा एउटा चर्चा छ- चुनावको हावा चलि रहेको छ। त्यो हावामा फेसबुक, 'टिकटक' र सामाजिक सञ्जालको 'भाड' मिसिएको छ र त्यही भाडको नशामा मधेसका अधिकांश मतदाताहरू मातिएका छन्। २०८४ मा हुनुपर्ने चुनाव ८२ मै भइरहेको जस्तो आभास हुन्छ। हिजोअस्ति २०७९ मा भएको निर्वाचन त पाँच वर्षका लागि हुनुपर्ने हो। निर्वाचन तीन वर्षमै भइरहँदा गर्भ परिपक्व नहुँदै तुहिएजस्तो भएको छ।

यो कुरा मैले होइन, ७५ वर्षीय रामविलास काकाले भन्नुभएको हो। म जनकपुरधाममा चिया खाँदै थिएँ। डबल स्वेटर लगाएर उहाँ मेरै छेउमा आइपुग्नुभयो। मैले बेन्चमा ठाउँ दिएँ, काका बस्नुभयो। मदिरा पसलको मित्रताभन्दा चिया पसलको मित्रता परिपक्व हुन्छ, किनभने त्यहाँ मान्छे होसहवासमा हुन्छ।

अब काकाको प्रसङ्ग जोडौँ। आधा सकिन लागेको चियाको गिलाससँगै राखिएको मोबाइलमा उहाँको नजर पर्यो। संयोगवश त्यहाँ एक चर्चित अनुहारको भिडियो बजिरहेको थियो। त्यो भिडियो नेपाली भाषामा भएकाले काकाले त्यसमा बोलिएको एउटा नाम ख्याल गर्नुभएछ। मैले त्यो भिडियोबारे बेलिविस्तार लगाइरहँदा काकाले जाने बेलामा मैथिली भाषामा सोध्नुभयो।

'बौवा बच्चा कते महिना जन्मल ठिक ?' मैले भनें कतेक ?

काका फेरि 'ऊ बात तोरा सँ पुछैय छिओ' मैले मन्द हाँस्दै '९ महिना मे'

काकाले 'कहीं साते महिना मे जनैम जाए तब ?' मैले एकै स्वर 'तब त बच्चा आ माइ दुनुके खतरा हय न', 'उँ बच्चा त भगवाने भरोसे'

अनि काकाले 'इ देशो ओहने छो, आ चुनावे ओहने छो' 'इ देश बचावएबला जे डाक्टर आएल हो, उ बचा लेलको त ठिक नै, नै त डिग्री हो अनलाइनेके दुनू आदमी लपटाएवाला'

म अक्क न बक्क भएँ। मेरो बानी, तीन दिनसम्म मस्तिष्कमा यो गम्भीर कुरा खेलाएपछि मधेसको 'सो-कल्ड' अनपढ भनिने वर्गको मनोविज्ञान र गम्भीरता देखेर अचम्मित भएँ।

काकाको भनाइलाई मान्ने हो भने चुनाव अब प्रतिनिधि छनोटको प्रक्रिया मात्र रहेन। यो भावनात्मक उन्मादको प्रतियोगिता बनेको छ, जहाँ विचारभन्दा उत्तेजना, नीतिभन्दा नारा र विवेकभन्दा भीड निर्णायक बन्दै गएको छ। जहाँ न दिशाको टुङ्गो छ, न देशको। यो परिवर्तन आकस्मिक पनि होइन, यो सामाजिक सञ्जालद्वारा निर्देशित नयाँ राजनीतिक संस्कृतिको परिणाम हो, जसले लोकतन्त्रलाई बहसबाट हटाएर प्रदर्शनमा झारिदिएको छ।

अर्थात् मुद्दा के हो ? तयारी के हो ? परिणाम के हुन्छ ? र के गर्ने हो ? यी सबै विषय गौण भएका छन्।

आजका चुनावी मञ्चहरूमा गहिरा प्रश्नहरू हराइरहेका छन्। अर्थतन्त्र, सङ्घीयता, शिक्षा, स्वास्थ्य, कूटनीति र राज्य सञ्चालनका जटिल यथार्थहरू 'एकै झट्कामा बदलिन्छ' भन्ने सतही वाक्यले ढाकिएका छन्। यस्तो भाषण राजनीति होइन, राजनीतिक सजिलोपना हो- जहाँ नेता जिम्मेवारीबाट उम्किन्छ र नागरिक अवास्तविक आशामा बाँधिन्छन्।

नयाँ राजनीतिक दलहरूको उदय लोकतन्त्रका लागि स्वाभाविक प्रक्रिया हो। तर समस्या तब सुरु हुन्छ, जब 'नयाँ' हुनुलाई नै नैतिक श्रेष्ठताको प्रमाणका रूपमा प्रस्तुत गरिन्छ। अनुभवलाई भ्रष्ट र संस्थागत स्मृतिलाई बोझ ठान्ने प्रवृत्तिले राज्य सञ्चालनलाई शून्यबाट सुरु गर्न बाध्य बनाउँछ।

राज्य कुनै 'स्टार्टअप' होइन, जहाँ असफल प्रयोगलाई 'सिकाइ' भनेर छोड्न सकियोस्। यहाँ एउटा गलत निर्णयले लाखौं नागरिकको जीवनमा असर पार्छ। तर नयाँ दलका भाषणहरूमा यो गम्भीरता दुर्लभ छ। उनीहरूले उत्साहलाई क्षमतासँग र आक्रोशलाई समाधानसँग मिसाएका छन्।

## सामाजिक सञ्जालको जञ्जाल: जनमत कि भीड उत्पादन ?

आजको चुनाव सामाजिक सञ्जालले जितिन्छ । तर यो जित जनमतको होइन, भीडको हो । यहाँ विचार होइन, 'एल्गोरिदम' निर्णायक हुन्छ। सत्य होइन, 'सेयर' सङ्ख्या महत्त्वपूर्ण हुन्छ। तीस सेकेन्डको उत्तेजक भिडियोले तीस पृष्ठको नीतिगत दस्तावेजलाई सजिलै विस्थापित गरिदिन्छ। यो प्रक्रिया जति छिटो र रोचक छ, त्यति नै यसभित्र खतरनाक प्रवृत्ति लुकेको छ।

सामाजिक सञ्जालले नागरिकलाई स्वतन्त्र बनाएको छैन, बरु सजिलै परिचालित हुने बनाएको छ। क्रोध, अपमान र डर- यी सबैभन्दा छिटो फैलिने भावना हुन् र राजनीतिले यही कमजोरीलाई हतियार बनाएको छ । आलोचकहरूलाई 'दलाल', 'एजेन्ट' र 'जनविरोधी'को ट्याग भिराइन्छ । प्रश्न गर्नु असहज मात्र होइन, शत्रुताको कारण बन्छ । यही भीडलाई 'जनताको आवाज' भनेर वैधता दिइन्छ र भीडको चिच्याहटलाई बहुमत ठानिन्छ।

तर, इतिहास स्पष्ट छ- भीड विवेकी हुँदैन, यो त सधैं शक्तिशालीको औजार मात्र बन्छ। आज सामाजिक सञ्जालको जञ्जाली भीडले नागरिकलाई मतदाता होइन, 'डिजिटल सिपाही' मा रूपान्तरण गरिरहेको छ ।

नयाँ दलका उम्मेदवारहरू प्रायः एउटै कथाबाट सुरु गर्छन् र निष्कर्ष निकाल्छन्– मुलुकमा केही भएकै छैन। 'हामी पुरानाभन्दा फरक छौं' भन्ने वाक्य आजको चुनावी राजनीतिमा प्रमाण होइन, प्रचारको प्रस्थानविन्दु मात्र बनेको छ। धेरै नयाँ उम्मेदवारको मुख्य परिचय आन्दोलन, सामाजिक सञ्जाल वा टेलिभिजन बहस हो। उनीहरूले भ्रष्टाचार, बेथिति र कुशासनको सही आलोचना त गरेका छन्, तर आलोचनाले मात्रै शासन चल्दैन।

उदाहरणका लागि, स्थानीय तह, मन्त्रालय, संसदीय समिति वा सार्वजनिक संस्थाको नेतृत्व अनुभव नभएका नयाँ उम्मेदवारहरू 'प्रणाली बदल्छु' त भन्छन्, तर कुन कानुन संशोधन गर्ने, कुन संरचना खारेज गर्ने र त्यसको विकल्प के हुने भन्ने प्रश्नमा उनीहरू अस्पष्ट देखिन्छन्। उनीहरूको उपलब्धि मापनयोग्य छैन– न त बनेको कुनै नीति, न कार्यान्वयन गरिएको कार्यक्रम, न त संस्थागत सुधारको कुनै ठोस उदाहरण नै छ।

यसको ठीक उल्टो, पुराना दलका धेरै उम्मेदवारहरू विवादास्पद भए पनि शून्य भने छैनन्। कसैले संविधान निर्माणको जिम्मेवारी




बोक्दै सङ्क्रमणकालीन राज्यलाई संस्थागत दिशामा लगेका छन्। कसैले सङ्घीय संरचना कार्यान्वयन गर्दा प्रदेश र स्थानीय तहलाई अधिकार र स्रोत हस्तान्तरण गर्ने प्रक्रियामा भूमिका खेलेका छन्। कसैले आफ्ना क्षेत्रमा सडक, खानेपानी, विद्यालय, अस्पताल वा विद्युतीकरण जस्ता प्रत्यक्ष देखिने पूर्वाधार पुर्याएका छन्। यी उपलब्धि अपूर्ण हुन सक्छन्, तर काल्पनिक होइनन्।

तर यहीं पुराना उम्मेदवारहरूको अर्को कमजोरी प्रकट हुन्छ। उनीहरू आफ्ना उपलब्धिलाई तथ्य र विवरणसहित प्रस्तुत गर्न असफल छन्। आलोचनाबाट डराएर उनीहरू पनि 'सबै बदल्छु', 'जनताको शासन' जस्ता भावनात्मक नारामै सीमित हुन्छन्। यसले नयाँ र पुरानाबीचको वास्तविक फरक मेटिन्छ र चुनाव उपलब्धिको मूल्याङ्कन होइन, भाषणको लोकप्रियता परीक्षणको थलो बन्न पुग्छ।

विश्वसनीय राजनीति न त केवल नयाँ अनुहारबाट जन्मिन्छ, न त केवल पुरानो अनुभवबाट टिक्छ। प्रश्न सरल तर कठोर हुनुपर्छ– नयाँ उम्मेदवारले अहिलेसम्म के निर्माण गर्यो? पुरानो उम्मेदवार ले के बनायो, के बिगार्यो र किन सुधार्न सकेन ? यी प्रश्न टारेर चुनाव लड्नु भनेको मतदातालाई भावनात्मक दर्शकमा झार्नु हो। लोकतन्त्रले 'दर्शक' होइन, 'निर्णायक नागरिक'को माग गर्छ।

आजको नागरिक मतदाताभन्दा बढी राजनीतिक सामग्रीको 'उपभोक्ता' बन्दैछ। उसले भिडियो हेर्छ, स्टाटस सेयर गर्छ, तर प्रश्न गर्दैन। लोकतन्त्रलाई सजिलो विकल्प रोज्ने प्रणाली ठानिएको छ। तर लोकतन्त्र सजिलो होइन, यो त जिम्मेवारी हो।

नेपाललाई परिवर्तन चाहिएको छ। तर त्यो परिवर्तन सामाजिक सञ्जालको भीड, भावनात्मक उन्माद र सस्ता भाषणबाट सम्भव छैन। परिवर्तन नीति, संस्थागत सुधार र उत्तरदायित्वबाट मात्र आउँछ।

चुनाव विश्वासको परीक्षा होइन, विवेकको परीक्षा हो। भीडमा होइन, विचारमा आधारित मत हाल्ने दिन नै नेपाली लोकतन्त्रले नयाँ चरणमा प्रवेश गर्नेछ।-नेपाल प्रेस

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# निर्माण कार्य समयमा सम्पन्न नगरी अलपत्र पारिएको भन्दै विरोधमा पुत्ला दहन



खबर दर्पण समाचारदाता
**माघ २७ गते, महेन्द्रनगर**

धनुषाको क्षिरेश्वरनाथ नगर पालिका वडा नम्बर ७ र ९ लाई जोड्ने जलाद खोलामा निर्माणाधीन अवस्थामा रहेको पुल वर्षौंदेखि अलपत्र अवस्थामा रहँदा स्थानीयवासीहरूले विरोध प्रदर्शन गरेका छन् ।

निर्माण कार्य समयमा सम्पन्न नगरी अलपत्र पारिएको विरोधमा स्थानीयहरूले पुत्ला दहन गर्दै चर्को नाराबाजी गरेका हुन् ।

स्थानीयका अनुसार सो पुल धनुषा क्षेत्र नम्बर १ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार किशोरी साहसँग सम्बन्धित ठेक्कामा निर्माण भइ रहेको भए पनि लामो समय बितिसक्दा समेत काम अघि नबढेको गुनासो छ। पुल निर्माण अधुरो रहँदा वडा नम्बर ७ र ९ का बासिन्दाहरू दैनिक आवतजावत, कृषि उपज ओसार पसार, विद्यार्थी तथा बिरामीलाई अस्पताल लैजान गम्भीर समस्या भोग्न बाध्य भएका छन् ।

विरोध कार्यक्रममा सहभागी स्थानीयहरूले "पुल चाहियो, आश्वासन होइन", "विकासको नाममा राजनीति बन्द गर" जस्ता नाराहरू लगाउँदै शीघ्र निर्माण कार्य सम्पन्न गर्न माग गरेका थिए। स्थानीयवासीहरूले पटक-पटक सम्बन्धित निकाय तथा जनप्रतिनिधिलाई जानकारी गराउँदा पनि बेवास्ता गरिएको आरोप लगाएका छन् । स्थानीय अगुवाहरूका अनुसार वर्षातको समयमा जलाद खोलामा पानी बढ्दा आवतजावत पूर्ण रूपमा बन्द हुने गरेको छ । यसले गर्दा जोखिम मोलेर खोलाबाट ओहोर दोहोर गर्नुपर्ने अवस्था सिर्जना भएको उनीहरूको भनाइ छ । यदि कुनै दुर्घटना भए त्यसको जिम्मेवारी कसले लिने भन्दै उनीहरूले प्रश्न समेत उठाएका छन् ।

विरोध प्रदर्शनका क्रममा स्थानीयहरूले छिटोभन्दा छिटो पुल निर्माण कार्य पुनः सुरु गरी सम्पन्न नगरे थप कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्नुहोस्।
फोहोर जथाभावी नफाल्नुहोस्, तोकिएको स्थान र समयमा मात्र फोहोरमैला फाल्नुहोस्।
प्लास्टिकजन्य फोहोर कम गर्नुहोस् र फोहोरबाट कम्पोस्ट मल बनाउनुहोस्।
पानी उमालेर वा फिल्टर गरेर मात्र पिउनुहोस्।
आफ्नो घर र आँगन सफा राख्नुहोस्।
लामखुट्टेको टोकाइबाट बच्न घर वरिपरि पानी जम्न नदिनुहोस्।
एलपी ग्यासको रेगुलेटर, पाइप र सिलिन्डरको नियमति जाँच गर्नुहोस्।
आगलागीका घटनाहरू रोक्न सतर्क रहनुहोस्, विशेष गरी सुख्खा मौसममा।
हाम्रो सहर, राम्रो सहर: सफा र सुरक्षित राख्ने जिम्मा हाम्रो !
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

तपाईको शहर वर्दिवासमा
WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय
सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026

# रास्वपाका वरिष्ठ नेता बालेन्द्र साह महोत्तरीमा



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**माघ २७ गते, महोत्तरी**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साह मंगलवार महोत्तरीको एकडारा गाउँपालिकास्थित आफ्नो पुर्ख्यौली घर पुगेका छन्। प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै मधेश केन्द्रित चुनावी यात्रामा रहेका साह जनकपुरबाट जलेश्वर हुँदै सिधै एकडारा पुगेर कुलदेवतालाई ढोगेका हुन्।

यसअघि जनकपुरबाट धनुषाको नगराइन र महोत्तरीको मटिहानी हुँदै जलेश्वर र एकडारा पुग्ने कार्यक्रम तय गरिएको थियो। तर, सुरक्षा कारण देखाउँदै अन्तिम समयमा रुट परिवर्तन गरिएको रास्वपाले जनाएको छ। रुट परिवर्तनपछि साह जनकपुर बाट जलेश्वरको बाटो प्रयोग गर्दै सिधै एकडारा पुगेका थिए। महोत्तरी क्षेत्र नम्बर ३ अन्तर्गत पार्टीका उम्मेदवार उज्ज्वल झाको घरअगाडि पुग्दा साहले गाडीमै बसेर पार्टीको चुनाव चिह्न 'घन्टी' बजाउँदै मतदातालाई अभिवादन गरेका थिए। सो क्रममा उनले कुनै औपचारिक सम्बोधन भने गरेनन्। स्थानीय बासिन्दाले सडक छेउबाट हात हल्लाउँदै उनको भव्य स्वागत गरेका थिए। त्यसपछि साह आफ्नो पुर्ख्यौली घर पुगेका थिए। घरमा पुगेर उनले कुलदेवतालाई ढोग्दै परम्परागत संस्कार पूरा गरेका थिए। एकडारा गाउँपालिका कार्यालयसमेत रहेको उक्त घर का दुई कोठा हाल साहकै परिवारले प्रयोग गर्दै आएको जनाइएको छ।

रास्वपाका महोत्तरी जिल्ला सभापति शुभम् कुमार यादवका अनुसार साह सम्सीको बाटो हुँदै गौशाला पुगेका थिए। त्यहाँबाट तय कार्यक्रमअनुसार उनी आजै बर्दिवास पुगेका छन्। यादवका अनुसार धनुषाको नगराइन र महोत्तरीको मटिहानी हुँदै जलेश्वर पुग्ने पूर्वनिर्धारित रुट सुरक्षा कारणले रद्द गरिएको हो। यसै क्रममा बल्वा सरपल्लो पुग्ने कार्यक्रमसमेत स्थगित गरिएको छ।

जलेश्वर आइपुग्दा साहले जलेश्वरनाथ महादेवको मन्दिर अगाडि गाडीबाटै ढोग गर्दै धार्मिक आस्थाप्रति सम्मान प्रकट गरेका थिए। रास्वपाले मधेश प्रदेशमा चुनावी गतिविधि तीव्र बनाइरहेको सन्दर्भमा साहको महोत्तरी आगमनलाई पार्टीको चुनावी अभियानका रूपमा महत्वपूर्ण रूपमा हेरिएको छ। विशेषगरी महोत्तरी क्षेत्र नम्बर ३ मा पार्टीका उम्मेदवार उज्ज्वल झाको पक्षमा जनसमर्थन विस्तार गर्ने उद्देश्यले यो यात्रा केन्द्रित रहेको बताइएको छ।

पहुँच सहभागिता विश्वास
चुनावी अभियानका लागि
Digital Partner.
उम्मेदवारीका एजेन्डालाई सार्वजनिक र सरल रुपमा
जनतासम्म पुर्याउन अनलाइन
प्रचार-प्रसार
गर्न आजै सम्पर्क गर्नुहोस, हामी आकर्षक प्याकेज उपलब्ध गराउनेछौ ।
रुपान्तरण मिडिया प्रा. लि.
रेडियो रुपान्तरण १०६.३ मेगाहर्ज
रुपान्तरण अनलाईन
www.rupantaranonline.com
Radio Rupantaran
परिवर्तनकालागि
रुपान्तरण अनलाइन
सम्पर्क: ९७०८२०५५२२, ९८०४८५२६९६, ९८४४०३९८५६, ९८४४०२५१८४

# एभरेस्ट चिनी मिलले उखु किसानलाई भुक्तानी दिन सुरु गरे

खबर दर्पण समाचारदाता
माघ २७ गते, बर्दिवास



महोत्तरीको रामनगरस्थित एभरेस्ट चिनी मिलले चालु क्रसिङ सिजन २०८२/८३ का लागि उखु किसानलाई भुक्तानी दिन सुरु गरेको छ। मिलले उखु खरिद गरेको सात दिनभित्रै भुक्तानी दिने नीति अनुसार किसानको खातामा प्रतिक्विन्टल ६२० रुपियाँका दरले रकम जम्मा गर्न थालेको हो।

गत वर्ष (२०८१/८२) को तुलनामा नयाँ दर प्रतिक्विन्टल २५ रुपियाँले बढी हो। गत वर्ष एभरेस्ट चिनी मिलले उखुको भुक्तानी प्रतिक्विन्टल ५८५ रुपियाँका दरले गरेको थियो।

उखुको मूल्यलाई लिएर किसानले गरेको आन्दोलनका कारण झण्डै एक महिना ढिलो पुस ७ गतेदेखि क्रसिङ सुरु गरेको एभरेस्टले सोमबार बिहान १० बजेसम्म १८ लाख ६ हजार ७०० क्विन्टल उखु क्रसिङ गरि सकेको जनाएको छ। तीमध्ये माघ २० गतेसम्म खरिद गरि एका १६ लाख ४६ हजार क्विन्टल उखुको ९३ करोड ५५ लाख ४८ हजार रुपियाँ भुक्तानी गरिएको एभरेस्टका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरले जानकारी दिनुभयो।

भुक्तानीको पाँचौं शृङ्खला अन्तर्गत सोमबार ३ हजार ४२२ जना किसानको खातामा २२ करोड ५६ लाख रुपियाँ जम्मा गरिएको उहाँले बताउनुभयो। एभरेस्टले यसअघि पुस १६, पुस २३, माघ ४ र माघ १३ गते गरी विभिन्न चरणमा भुक्तानी गरिसकेको छ।

वित्तीय महाप्रबन्धक ठाकुरका अनुसार छैटौं श्रृङ्खला अन्तर्गत माघ २९ गतेसम्म खरिद गरिएका उखुको भुक्तानी गर्ने तयारी भइरहेको छ। बिचमा शनिबार र शिवरात्रि परेकाले फागुन ४ गते छैटौं किस्ताको र कम निकासा हुने सम्भावना रहेको उहाँले बताउनुभयो। बिदाको दिनबाहेक उखु खरिद गरेको हरेक १० दिनभित्र भुक्तानी दिने नीति अनुसार किसानको खातामा नियमित रूपमा रकम जम्मा भइरहेको उहाँको भनाइ छ।

एभरेस्टको नियमित भुक्तानी प्रणालीलाई उखु किसानहरूले सराहना गरेका छन्। उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले सरकारले उखुको उचित मूल्य निर्धारण नगरेर किसानलाई निराश बनाएको अवस्थामा चिनी मिलले समयमै भुक्तानी दिनु सकारात्मक भएको प्रतिक्रिया दिनुभयो।

“विगतका वर्षमा किसानले आफ्नो उत्पादनको भुक्तानी पाउन वर्ष दिनभन्दा बढी कुर्नु परेको पीडा अझै बिर्सिएका छैनन्। उखुको मूल्यले निराश पारे पनि गत वर्षदेखि सुरु भएको नियमित भुक्तानी प्रणालीले किसानलाई केही राहत दिएको छ,” उहाँले भन्नुभयो।

गत वर्ष सरकारले उखुको साविक दर ५६५ रुपियाँमा २० रुपियाँ थप गरी प्रतिक्विन्टल ५८५ रुपियाँ कायम गरेको थियो। साथै ७० रुपियाँको अनुदान घटाएर ३५ रुपियाँमा झारेपछि किसानले देशव्यापी आन्दोलन गरेका थिए। आन्दोलनकै दबाबमा अनुदान पुनः ७० रुपियाँ कायम गरिए पनि किसानले माग गर्दै आएको प्रतिक्विन्टल ७५० रुपियाँ समर्थन मूल्यको सट्टा सरकारले ६२० रुपियाँ मात्र तोक्दा किसानको असन्तुष्टि कायमै रहेको कुशवाहाले बताउनुभयो।

# स्वर्गीय यादवप्रति कांग्रेस शीर्ष नेताहरूको श्रद्धाञ्जली



खबर दर्पण समाचारदाता
माघ २७ गते, बर्दिवास

नेपाली कांग्रेस मधेस प्रदेशका कोषाध्यक्ष एवं हंसपुर नगर पालिकाका प्रमुख स्वर्गीय प्रदीप कुमार यादवप्रति कांग्रेसका शीर्ष नेताहरूले भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन्।

स्वर्गीय यादवको निजी निवास पुगेर कांग्रेस नेता विमलेन्द्र निधि, मधेस प्रदेशका मुख्यमन्त्री एवं प्रदेश सभापति कृष्ण प्रसाद यादव, नेता महेन्द्र यादव लगायतले उनीप्रति अन्तिम सम्मान प्रकट गरेका हुन्। श्रद्धाञ्जलीका क्रममा नेताहरूले यादवको पार्थिव शरीरमा पार्टीको चारतारे झण्डा ओढाएर सम्मान व्यक्त गरेका थिए।

पार्टी र स्थानीय तहको विकासमा इमानदार, समर्पित र जनप्रिय नेतृत्वका रूपमा चिनिएका यादव मधेस प्रदेश नगरपालिका संघका अध्यक्ष समेत थिए। उनको निधनले पार्टी र समग्र मधेसको राजनीतिमा अपूरणीय क्षति पुगेको नेताहरूले बताएका छन्। यादवको योगदानको कदर गर्दै कांग्रेस मधेस प्रदेश कार्यसमितिले उनको सम्मानमा विभिन्न शोक कार्यक्रमहरू समेत सार्वजनिक गरेको छ।

मधेस प्रदेश कार्यसमितिको आकस्मिक बैठकले स्वर्गीय यादवप्रति सम्मान व्यक्त गर्दै एक मिनेट मौन धारणसहित शोक प्रस्ताव पारित गरेको हो। बैठकको निर्णयअनुसार आज मधेस प्रदेशका आठै जिल्लाका पार्टी कार्यालयहरू शोकमा बन्द राखिनेछ।

त्यस्तै, माघ २७ र २८ गते दुई दिन पार्टीको झण्डा आधा झुकाइने, सबै जिल्ला कार्यालयमा शोक पुस्तिका राखिने र १३औं दिनको पुण्यतिथिमा मधेस प्रदेश कार्यालयमा विशेष श्रद्धाञ्जली सभा आयोजना गरिनेछ।

कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।
बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५
साथै होम डेलिभरीको सूविधा छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,